स्थानीय सरकार
सियारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# बार्षिक बजेट तथा कार्याक्रम आ.व. २०८१/०८२

**यस गरिमामय गाउँसभाका अध्यक्षज्यू, सभा-सदस्यज्यूहरू, सभाका सचिव तथा राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, पत्रकार, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु;**

१. नेपालको संविधान जारी भई राज्यको पुनर्संरचना पश्चात दोस्रो पटक भएको निर्वाचन पछिको पाँचौ पटक बसेको सियारी गाउँपालिकाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम, विनियोजन विधेयक २०८१ र आर्थिक विधेयक २०८१ यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई भाग्यमानी महशुस गरेको छु ।

२. संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि पटक-पटक भएका जनआन्दोलन र संघर्षहरुमा शाहदत्त प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । उहाँहरुको परिवार तथा आफन्तजनहरुप्रति गहिरो समवेदना प्रकट गर्दछु ।

सियारी गाउँपालिका

३. सविंधान प्रदत्त एकल तथा साझा अधिकारको कार्यान्वयन गर्दै अन्तर सरकार समन्वय र सहकार्य मार्फत आम नागरिकलाई खुसी र सुखी बनाउँदै समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी बनाउने दीर्घकालीन सोंचका साथ एकताबद्ध भएर अगाडी बढ्न हामी सबै निर्वाचित जनप्रतिनिधिहरु सधैं प्रतिबद्ध रहेको र रहिरहने विश्वास आम सियारी बासीलाई दिलाउन चाहन्छौ ।

४. सिमित श्रोत-साधनबाट असिमित नागरिक चाहना, नागरिक आवश्यकता पुरा गर्दै पब्लिक च्वाइस र पब्लिक भ्वाइसको उच्च सम्मान गर्दै सुशासन कायम गरी मर्यादित र समृद्ध सियारी निर्माणमा हामी जनप्रतिनिधीहरु सक्षम हुनेछौं र हुनैपर्दछ, किनकी यो हामीलाई जनताले सुम्पेको अभिभारा हो । अतः **कृषि,पर्यटन र दीगो पूर्वाधार यूक्त नगरीः समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी** भन्ने प्रथम आवधिक योजनाको दीर्घकालीन सोच अनुसार अघि बढ्नु आजको आवश्यकता हो ।

५. स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई हामीहरुले ल्याएको दोश्रो बजेटको कार्यान्वयनको अन्तिम चरणसम्म आइपुग्दा विगत दुई वर्षमा शासन, विकास र सेवा प्रवाहको क्षेत्रमा उल्लेख्य सुधारहरु भएका छन् । योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न भएका छन् तथापी अस्थिर राष्ट्रिय सार्वजनिक वित्त व्यवस्थापन तथा आन्तरिक वित्तीय असन्तुलनका बीच शासन विकास र सेवा प्रवाहको कसीमा गाउँपालिकालाई अब्बल तुल्याउन सरोकारवाला सबैको अहम् भूमिका रहने कुरामा विश्वस्त रहेको छु । संघीय सरकारबाट प्राप्त गर्ने राजश्व बाँडफाँडको रकम तथा अनुदानको रकममा समेत कटौती हुँदा वार्षिक योजनाले अगाडी सारेका कतिपय कार्यक्रमहरुमा स्रोत

जुटाउन नसकेको अवस्था छ, तथापी आन्तरिक राजश्व परिचालनमा गरिएको प्रयास र गाउँपालिकाको मितव्ययी व्यवहारले भुक्तानीमा समस्या पर्न दिइएको छैन ।

६. बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन,२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, गाउँपालिकाको प्रथम आवधिक योजना, संघीय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनीतिक दलहरुका घोषणापत्रहरु, उपलब्ध स्रोत र साधनहरु, सियारी गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र सियारी गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत आधार मानेर बजेट निर्माण गरेको छु । वार्षिक बजेट तथा कार्यक्रम सियारी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजारको रुपमा रहेको ब्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

७. **सभाध्यक्ष महोदय**, चालु आ.व २०८०/०८१ को संशोधित बजेट ६३ करोड ८६ लाख ५२ हजार रहेकोमा हालसम्म चालु तर्फ ७४.७७% र पूजीगत तर्फ ५१.१५% गरी समग्रमा ६७.८७% बजेट खर्च भएको छ । गत आ.ब.को यसै अवधीमा पुजिगत तर्फ ६५.२५ % तथा चालु तर्फ ७५.५२% गरी समग्रमा ७१.१२% वजेट खर्च भएको थियो । चालु आ.ब.का विकास

योजनाहरु धैरैजसो निर्माण सम्पन्न भइसकेका छन् । बाँकी रहेका योजना तथा कार्यक्रमहरु पनि सम्पन्न हुने प्रकियामा छन ।

८.**सभाध्यक्ष महोदय,** चालु आ.ब.मा खर्च तर्फ सन्तोषजनक प्रगति देखिए तापनि आम्दानी तर्फ भने सिलिङ्ग अनुसार अनुदान तथा राजश्व बाँडफाँडको रकम प्राप्त नहुँदा हालसम्म जम्मा ८१.७% आय प्राप्त भएको छ । जसमध्ये संघीय अनुदान ८७.९%, प्रदेश अनुदान ५८.१४%, राजश्व बाँडफाँड ७१.०६% तथा आन्तरिक आय ८३.६४% प्राप्त भएको छ । राजश्व बाँडफाँडमा सिलिङ्ग भन्दा धेरै कम रकम प्राप्त हुँदा तलव भत्ता लगायत चालु खर्चको भुक्तानीमा दवाव परेको देखिन्छ भने समानीकरण अनुदानमा भएको कटौतीले सम्पन्न योजनाको भुक्तानीमा समेत असर परी आगामी आ.ब.को लागि दायित्व सार्नु पर्ने अवस्था श्रृजना हुनसक्ने देखिन्छ ।

९.जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदियोस भन्ने हुन्छ तर साधन-स्रोतको सिमितताले असिमित आवश्यकता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकीकरण गर्दै सबै वर्ग क्षेत्र समेट्ने गरी सन्तुलित विकासको अवधारणा अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । **अब म आ.व. २०८१/०८२ को राजश्व तथा श्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।**

१०. **समयमै कर तिर्नु नागरिकको कर्तव्य हो भने गुणस्तरीय सेवा तथा विकास प्राप्त गर्नु अधिकार हो** भन्ने मान्यताका साथ आ.ब.२०८१/०८२ लाई **कराधार विस्तारको वर्ष**को रुपमा घोषणा गरी कर तिर्ने प्रकृयालाई

सरलीकरण गर्ने, अनलाइन माध्यमबाट कर तिर्ने प्रणालीको विकास गर्ने तथा विभिन्न घुम्ती टोली मार्फत कर सङकलन गर्ने व्यवस्था मिलाएको छु।

११. नेपालको संविधान, २०७२ को अनुसूची-८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय तर्फ छुट हुन गएका शिर्षकहरु थप गरी फराकिलो कराधार निर्माणको व्यवस्था मिलाएको छु।

१२. नदीजन्य पदार्थ चोरी, निकासी तथा अवैध उत्खनन रोकथाम, कर चुहावट नियन्त्रण गर्दै आन्तरिक आय बृद्धि गरि आत्मनिर्भर उन्मुख हुदैं जाने तथा राजस्व परामर्श समितिले दिएका कर सुधारका सुझावहरुलाई तथा सम्मानित सभाले पारित गरिसकेको नीति तथा कार्यक्रमले अवलम्वल गरेका राजश्व सम्वन्धी नीतिहरुको कार्यान्वयन गर्दै लैजाने ब्यवस्था मिलाएको छु।

१३. महिला अपाङ्गता भएका व्यक्ति लगायतका कृषक, ज्येष्ठ नागरिक, बालबालिका तथा विरामीहरुलाई सम्मान गर्दै तोकिएको विषयमा सिफारिस दस्तुर छुट दिने व्यवस्था मिलाएको छु। साथै उत्कृष्ट करदातालाई सम्मान गर्ने व्यवस्था मिलाएको छु।

१४. **सभाध्यक्ष महोदय**, आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरिवी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै ***कृषि,पर्यटन र दीगो पूर्वाधारयुक्त नगरीः समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी*** निर्माण गर्ने दीर्घकालिन सोच पुरा गर्ने उद्देश्यका साथ आ.ब. २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

## आ.ब. २०८१/८२ को लागि आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

| **सियारी गा पा को आ व २०८१/०८२ को आय प्रक्षेपण** | | |
|---|---|---|
| **सि नं** | **आय शिर्षक** | **अनुमानित रकम रु** |
| १ | संघीय समानिकरण अनुदान | १२,९२,००,०००/- |
| २ | संघीय शशर्त अनुदान | ३४,७१,२१,०००/- |
| ३ | संघीय विशेष अनुदान | ५०,००,०००/- |
| ४ | प्रदेश समानिकरण अनुदान | ८८,७२,०००/- |
| ५ | प्रदेश शशर्त अनुदान | ९६,००,०००/- |
| ६ | प्रदेश समपुरक अनुदान | ७०,००,०००/- |
| ७ | प्रदेश विशेष अनुदान | २०,००,०००/- |
| ८ | संघीय राजश्व वाडफाँड | १०,०६,००,०००/- |
| ९ | प्रदेश राजश्व वाडफाँड | ३८,७२,०००/- |
| १० | दहत्तर वहत्तर शुल्क | २६,१२,३००/- |
| ११ | घरजग्गा रजिष्ट्रेसन शुल्क | १९,००,०००/- |
| १२ | आन्तरिक आय | ४५,४००,०००/- |
| १३ | सडक वोर्ड नेपाल | ३५,६०,०००/- |
| **जम्मा** | | **७०,७३,४८,०००/-** |
| १४ | सामाजिक सुरक्षा भत्ता | २०,००,००,०००/- |
| **कुल जम्मा** | | **९०,७३,४८,०००/-** |

**जम्मा आय रु. ९० करोड ७३ लाख ४८ हजार मात्र ।**

| **सियारी गा पा को आ व २०८१/८२ को व्यय अनुमान** | | |
|---|---|---|
| सि नं | **व्यय शिर्षक** | **अनुमानित रकम रु** |
| १ | संघीय शशर्त अनुदान | ३४,७१,२१,०००/- |

| | | |
|---|---|---|
| २ | संघीय विशेष अनुदान | ५०,००,०००/- |
| ३ | प्रदेश शशर्त अनुदान | ९६,००,०००/- |
| ४ | प्रदेश विशेष अनुदान | २०,००,०००/- |
| ५ | प्रदेश समपुरक अनुदान | ७०,००,०००/- |
| ६ | सडक वोर्ड नेपाल | ३५,६०,०००/- |
| **शर्त सहितको जम्मा** | | **३७,४२,८१,०००/-** |
| ७ | वडा कार्यालय तर्फ जम्मा | ६,०१,५०,०००/- |
| ८ | कार्यालय संचालन तथा प्रशासनिक | ९,६०,१०,०००/- |
| ९ | आर्थिक विकास | २५,००,०००/- |
| १० | शिक्षा, युवा तथा खेलकुद | २३,१३,४०००/- |
| ११ | महिला, वालवालिका तथा अन्य लक्षित समूह | ७२,००,०००/- |
| १२ | खानेपानी तथा सरसफाइ | ५०,००,०००/- |
| १३ | स्वास्थ्य तथा पोषण | १,८१,७३,०००/- |
| १४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ६३,००,०००/- |
| १५ | सुशासन तथा संस्थागत विकास | १,४६,००,०००/- |
| १६ | कालोपत्रे सडक मर्मत | १,००,००,०००/- |
| १७ | समपुरक कोष | १,५०,००,०००/- |
| १८ | पुर्वाधार विकास | ५,२५,००,०००/- |
| | **जम्मा** | **७०,७३,४८,०००/-** |
| १९ | सामाजिक सुरक्षा भत्ता | २०,००,००,०००/- |
| | **कुल जम्मा** | **९०,७३,४८,०००/-** |

**कुल जम्मा रु. ९० करोड ७३ लाख ४८ हजार मात्र।**

माथि उल्लेखित रकम मध्ये **७० करोड ७३ लाख ४८ हजार** संचित कोष मार्फत खर्च हुने रकम हो । यसमा सामाजिक सुरक्षा बापतको अनुमानित रकम रु.२० करोड जोड्दा जम्मा बजेटको आकार **रु. ९० करोड ७३ लाख ४८ हजार हुन जान्छ ।**

**सभाध्यक्ष महोदय**, अब म सियारी गाउँपालिकाको आ.व २०८१/०८२ को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

**१५.** आर्थिक विकासको क्षेत्रमा सशर्त अनुदानबाट रु. ६६ लाख ५८ हजार र गाउँपालिकाका तर्फका विभिन्न योजना तथा कार्यक्रमहरुमा रु. २ करोड ५० लाख गरी जम्मा रु ३ करोड १६ लाख ५८ हजार बजेट विनियोजन गरेको छु । त्यसबाहेक वडा कार्यालय, संघीय सरकार र प्रदेश सरकारका थप योजना तथा कार्यक्रमहरु समेत कार्यान्वयन हुने हुँदा अझ बढी जनता लाभान्वित हुने विश्वास लिएको छु ।

१६. कृषिलाई आर्थिक समृद्धिको मेरूदण्ड मान्दै **"व्यवसायिक कृषि पेशा अवलम्बन गरौं, आत्मनिर्भर बनौं"** भन्ने उद्देश्यका साथ कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गराउन व्यवसायिक तथा साना कृषकहरूलाई दुध उत्पादन, माछामा ***उत्पादनमा आधारित अनुदान*** र बेसार, लसुन र खुर्सानीमा आत्मनिर्भर कार्यक्रम संचालन गर्न कुल रु. ७८ लाख विनियोजन गरेको छु ।

१७. गाई, भैसी र बाख्रामा नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन गत आ.ब.मा शुरु गरिएको निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई आगामी आ.ब.मा पनि निरन्तरता दिएको छु।

१८. गत आ.ब.मा शुरुवात गरिएको फलफुल खेती कार्यक्रमलाई निरन्तरता दिएको छु, जसका लागि रु.८ लाख बजेट विनियोजन गरेको छु।

१९. नियमित रुपमा संचालन हुने पशु-पंक्षी खोप कार्यक्रम संचालन, आन्तरिक तथा वाह्य परजिवि विरुद्धको औषधि, लगायत पशुपंक्षि विकास, माहुरी पालन, तेलहन तथा मसला वालि विकास, कृषि यान्त्रीकरण जस्ता विभिन्न कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२०. भै.लु.भू.ज.अन्तर्गत सञ्चालनमा रहेका पम्मबाट सिचाई सुबिधा लिने कृषकहरुलाई विद्युत महशुलमा ७५% अनुदान उपलब्ध गराउनका लागि रु. ७ लाख ५० हजार विनियोजन गरेको छु।

२१. आ.व. २०८०/०८१ मा निर्माण सुरु गरिएका दयानगर तथा तिनाउ लिफ्ट सिँचाई परियोजनाको थप पाइपलाइन विस्तार तथा आउटलेट विस्तारको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै भै.लु.भु.ज.बाट सिञ्चित हुने क्षेत्र बाहेकका कृषकहरुलाई सिँचाई सुविधा उपलब्ध गराउन साना सिँचाई कार्यक्रम सञ्चालनको लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु।

२२. गाउँपालिका अन्तर्गत लघु उद्यमी सिर्जना गरी आय आर्जन कार्यक्रम संचालन गर्न लघु उद्यम विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२३. दुग्धजन्य पदार्थ उत्पादन गरी भण्डारण गर्ने कार्यको लागि दुग्ध उत्पादक सहकारी संस्था/निजि डेरीलाई आवश्यक सामग्रीमा अनुदान सहयोग कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. पशु पालक कृषकहरुको उत्पादन लागत घटाई कृषकको आय वृद्धिका लागि हरियो आहारामा अनुदान (साईलेज) कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. स्थानीय लोक संस्कृतिको जगेर्ना गर्दै आन्तरिक पर्यटनलाई आकर्षण गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

२६. निर्माणाधिन सियारी गौरवको आयोजना **सियारी पर्यटन कोरिडोरलाई** यस आ.व.मा प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत रु. ७० लाख विनियोजन गरेको छु उक्त योजनामा आन्तरिक तर्फको थप स्रोत रु.८० लाख समेत परिचालन गरिनेछ ।

२७. भूमिहिन तथा घरबारविहिन नागरिकहरुको लागि आवासको व्यवस्था गरिने छ । जसका लागि तराई-मधेस समृद्धि कार्यक्रम तथा गा. पा. को साझेदारीमा १४ परिवारलाई आवासको व्यवस्था गर्न रु. ७० लाख व्यवस्था गरेको छु साथै यसै आर्थिक वर्षमा नापी भएका घरवास जग्गाहरुको जग्गा धनिपुर्जा  वितरण कार्य सम्पन्न गर्नुका साथै सियारी गाउँपालिकाको भूगोलमा पर्ने तर फिल्ड नक्सा मानमटेरिया र मानपकडी अन्तर्गत  पर्ने वडा नं. ५ बनघुसरी क्षेत्रका जग्गाहरुलाई पुन: नापी गरी हालसाबिक गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२८. विभिन्न आयमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरी उद्यमशिलता प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

२९. **" शिक्षा सबैको सरोकार र अधिकारको विषय हो ; सबैले निःशुल्क र गुणस्तरिय शिक्षा पाउनु पर्छ "** यसै मान्यतालाई आत्मसात गर्दै आगामी आ.व २०८१/८२ को लागि शिक्षा युवा तथा खेलकूदमा शशर्त अनुदानबाट रु. १९ करोड ४६ लाख ७३ हजार, लुम्बिनी प्रदेश सरकारको सशर्त अनुदानबाट रु. २० लाख, गाउँपालिकाबाट रु. २ करोड ३१ लाख ३४ हजार गरी कूल रु. २१ करोड ९८ लाख ७ हजार विनियोजन गरेको छु । यो रकम कूल बजेटको ३०.२२ प्रतिशत हुन आउने व्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । यसका अतिरिक्त वडा कार्यालय, संघीय सरकार र प्रदेश सरकारबाट शैक्षिक पूर्वाधारमा थप बजेट प्राप्त भई कार्यान्वयन हुने व्यहोरा समेत जानकारी गराउँदछु ।

३०. शिक्षित, सभ्य, स्वस्थ र सक्षम, सामाजिक न्यायसहितको सम्वृद्ध सियारी गाउँपालिका निर्माण गर्ने शिक्षाको दिर्घकालीन सोच रहेको सन्दर्भमा शिक्षाको १० वर्षे शैक्षिक योजना अध्यावधिक गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३१. **विद्यार्थीसंग अध्यक्ष कार्यक्रम** र **बुहारीसंग उपाध्यक्ष उच्च शिक्षा** कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु साथै गरिब तथा अति विपन्न परिवारका गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति, पुरस्कार, विपन्न परिवारका छोरीहरुको विवाहको लागि अध्यक्ष ज्यूको सेवा सुविधामा गाउँपालिकाको रकम थप गरि साझेदारीमा आर्थिक सहयोग कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. शिक्षा सुधार कार्यदल, शैक्षिक नेतृत्व चयन, मानव अधिकार शिक्षा, बाल अधिकार शिक्षा र पोषण शिक्षाको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

३३. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक **हाम्रो सियारी आधारभूत** तह (कक्षा १ – ८) मा पुड्कोपना, ख्याउटेपना, कमतौल, पत्रु खाजा-खाना जस्ता न्यून पोषणको अवस्थामा सुधारको लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु।

३४. **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने मान्यताका साथ खेलकुद मार्फत सियारीको पहिचान बढाउन खेलकुद विकासतर्फ **अध्यक्ष कप रनिङ्गशिल्ड फुटवल प्रतियोगिता र सियारी शैक्षिक महोत्सव** लगायत विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न जम्मा रु.२० लाख विनियोजन गरेको छु।

३५. विद्यालयहरुमा भौतिक पूर्वाधार विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**३६.** नैतिक शिक्षा, विद्यालय स्तरीय समस्या र समाधानका लागि **रिसर्च एण्ड डेभलपमेन्ट (Research & Development)**, शिक्षकको पेशागत विकास, एकीकृत पाठ्यक्रम कार्यन्वयन जस्ता विषयहरुमा प्राविधिक सहयोग कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु।

३७. निशुल्क र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार रहेको कुरालाई मध्यनजर गर्दै आगामी आ.व.का लागि जनस्वास्थ्य तथा पोषणका क्षेत्रमा संघीय सशर्त अनुदान रु. १२ करोड २२

लाख र गाउँपालिकाबाट रु. १ करोड ८१ लाख ७३ हजार गरी जम्मा रु. १४ करोड ३ लाख ७३ हजार बिनियोजन गरेको छु ।

३८. सियारी गाउँपालिका वडा नं.४ छपीयामा निर्माणाधिन १५ शैयाको आधारभूत अस्पताललाई तोकिएकै समयमा सम्पन्न गर्न रु. ७ करोड ३२ लाख व्यवस्थापन गरेको छु, साथै बाँकी स्रोत व्यवस्थापन गर्न संघीय सरकारलाई अनुरोध गरिनेछ ।

३९. सुत्केरीसंग उपाध्यक्ष कार्यक्रमलाई रु.१५ लाख साथै पूर्ण संस्थागत सुत्केरी पालिका सुनिश्चितता घोषणा कार्यक्रमको लागि रु. २ लाख ५० हजार विनियोजन गरेको छु ।

४०. महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य कर्मीहरुलाई उच्च मनोवलका साथ सेवाप्रवाहमा लगाउन आमा स्वास्थ्य सुरक्षा र बाल स्वास्थ्य सुधार कार्यक्रमका लागि विशेष प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

४१. संघ तथा प्रदेश सरकारको समन्वयमा पाठेघर खस्ने र क्यान्सर स्क्रिनिङ्ग शिविर सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

४२. ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अति अशक्त “क” र “ख” वर्गको परिचय पत्र भएका अशक्त लगाएतलाई घरदैलो उपचार कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

४३. सियारी गाउँपालिका भित्रका नागरिकहरुलाई ब्लड आवश्यक परेमा सरल र सहज तरिकाले निःशुल्क रुपमा ब्लड-बैंकबाट उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु ।

सियारी गाउँपालिका

४४. उपचारात्मक सेवा कार्यक्रम अन्तर्गत आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी व्यवस्थापन गर्न तथा स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम सञ्चालन गर्न रु. २७ लाख ८ हजार विनियोजन गरेको छु।

४५. नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरि आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४६. फिजियोथेरापी सेवा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

४७. किशोरीहरुलाई एच.पि.भी. खोपको सुरुवाती तथा सेवा विस्तारको लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

४८. मृगौला प्रत्यारोपण गरेका, डाइलाइसीस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई मासिक रु.५ हजारका दर ले हुने जम्मा रु.२७ लाख ९० हजार विनियोजन गरेको छु।

४९. मुश्लिम समुदायका महिलाहरुलाई परिवार योजना सम्बन्धि “खुशहाल” कार्यक्रमलाई निरन्तरता दिएको छु।

५०. खानेपानी तथा सरसफाईतर्फ गाउँपालिकाबाट रु. ५० लाख विनियोजन गरेको छु।

५१. सबैका लागि स्वच्छ खानेपानी सुबिधा पुर्‍याउनका लागि ओभरहेड ट्याङ्ककी भएका ठाउँमा तीव्रताका साथ पाइपलाइन विस्तार तथा

आवश्यक सामग्री खरिद गर्ने कार्यका लागि वजेट विनियोजन गरेको छु । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट समेत थप पाइपलाइन विस्तार गरिने छ ।

५२. आमा बुवा संग गा.पा. अध्यक्ष कार्यक्रम संचालन गरिनेछ जस अन्तर्गत जेष्ठनागरिक तथा धार्मिक तिर्थाटन, मुस्लिम हजयात्री बिदाई तथा सहयोग, शताब्दी वर्ष पुरा गर्ने सियारी भित्र स्थायी बसोबास भएको जुनसुकै नागरिकलाई अध्यक्षद्वारा सम्मान गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५३. आर्थिक, सामाजिक र शैक्षिकरुपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाती, थारु, मुस्लिम, मधेसी, लोपोन्मुख समुदाय, पिछडावर्ग, अपांङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका वर्ग तथा समुदायको उत्थानका लागि जम्मा रु. ७२ लाख बजेट विनियोजन गरेको छु ।

५४. स्थानीय महिला उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको बजारीकरणका लागि प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५५. दलित तथा पिछडिएको वर्गको स्वास्थ्य बीमा कार्यक्रमको लागि रु.१० लाख विनियोजन गरेको छु ।

५६. शैक्षिक यूवा बेरोजगारहरुलाई विभिन्न सरकारी सेवामा प्रवेश गर्न अभिप्रेरित गराउने उद्देश्यका साथ विभिन्न सरकारी सेवाका तयारी कक्षाहरु सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

५७. गाउँपालिकालाई २ वर्षभित्र बालमैत्री घोषणा गर्ने नीति अनुरुप बालमैत्री स्थानीय शासन सम्बन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५८. भौतिक पुर्वाधार विकास तर्फ संघीय तथा प्रदेश अनुदान र आन्तरिक स्रोत समेतबाट सियारी गाउँपालिकाको रिंग रोड, सियारी पर्यटन कोरिडोर तथा पार्क, पुराना कालोपत्रे सडक मर्मत, वडा न.१ देखि ७ सम्मका प्राथमिकता प्राप्त सडक कालोपत्रे, कच्ची सडक स्तरोन्नति तथा अन्य पूर्वाधार विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५९. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने समपुरक योजनाको लागि साझेदारी गर्न रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

६०. विद्युत पोल तथा ट्रान्सफर्मर थप तथा स्थानान्तरणका लागि विद्युत प्राधिकरणसँग नियम अनुसार साझेदारी गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६१. विभिन्न प्राकृतिक तथा अन्य प्रकोपजन्य परिस्थितिमा तत्काल राहत, खोज, उद्धार र पुन:स्थापना कार्य संचालन गर्न, प्राकृतिक संरक्षणका लागि वृक्षारोपण, तटबन्धन लगायतका कार्य साथै सि.डी.एम. नेपालको सहकार्यमा जलवायु उत्थानशिलता कार्यक्रम सञ्चालनका लागि वन, वातावारण तथा विपद व्यवस्थापन तर्फ एकमुस्ट रु.६३ लाख विनियोजन गरेको छु।

६२. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न सार्वजनिक खाली जमिनहरु, नदी उकास, सडक किनारा लगायतका स्थानमा अभियानका रुपमा वृक्षारोपण

कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६३. संस्थागत विकास तथा सुशासन तर्फ विभिन्न क्रियाकलाप सञ्चालन गर्न रु. १ करोड ४६ लाख विनियोजन गरेको छु ।

६४. सम्पूर्ण वडा कार्यालय भवनहरुलाई आधुनिक प्रविधियुक्त, सेवाग्राहीमैत्री तथा अपांग तथा बालमैत्री लगायतका सबै सुचकहरु पूरा हुनेगरी क्रमशः सुधार तथा नव निर्माण गरीनेछ, क्रमश: वडा नं. ६ र ७ का वडा कार्यालयहरुको संरचनात्मक सुधारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६५. गाउँपालिका, वडा कार्यालयहरु, विषयगत शाखाहरु, स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई आचरण र अनुशासन पूर्णरुपमा पालना गर्दै सेवाग्राहीमा मुस्कान आउने वातावरण श्रृजना गर्ने गरी कार्य गर्न राष्ट्रसेवक कर्मचारीहरुलाई अभिप्रेरित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६६. सबै कर्मचारीहरुको कार्य विवरण, काम, कर्तब्य र अधिकार तथा कार्य सम्पादन सम्झौता, जिम्मेवारीमा हेरफेर गर्ने लगायतका विषयमा कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

६७. नियमित र प्रभावकारी बजार अनुगमनको माध्यमबाट गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६८. कर्मचारीलाई उच्च मनोवलका साथ कार्यसम्पादनमा लाग्न अभिप्रेरित गर्न पुरस्कार र सम्मानको ब्यवस्था गरेको छु । कार्यबोझ तथा कार्यसम्पादन सूचकका आधारमा कार्यविधि अनुरुप कर्मचारीलाई प्रोत्साहन गर्न रकम

विनियोजन गरेको छु । गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरुको वृत्ति र नविन सिकाइ अनुकरणका लागि आन्तरिक पर्यटन काजलाई निरन्तरता दिएको छु ।

६९. गाउँपालिकाको समग्र हित र विकास व्यवस्थापनका लागि समय समयमा विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउनु भएका ज्येष्ठ नागरिक, सामाजिक, राजनीतिक व्यक्तित्व, समाजसेवी उद्योगी, शिक्षाप्रेमी लगायत महत्वपूर्ण व्यक्तित्वहरुलाई सम्मान गरिने छ जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७०. जनताको सर्वोपरी हितलाई ध्यानमा राखी कानूनले अधिकार प्रदान गरेका न्यायिक कार्यलाई निष्पक्ष, व्यवस्थित विश्वासयोग्य, पारदर्शी बनाउदै लगिने छ । मेलमिलापको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइनेछ । सबै वडामा मेलमिलाप केन्द्रलाई क्रियाशील बनाइनेछ जसका लागि न्यायिक समिति तर्फ रु. २० लाख विनियोजन गरेको छु ।

७१. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७२. एकीकृत सूचना प्रणालीको विकास गरी तथ्यांक व्यवस्थापन गर्दै क्रमश: गाउँपालिका तथा अन्तर्गतका निकायहरुबाट हुने सेवाप्रवाहमा एकरुपता ल्याई चुस्त र दुरुस्त बनाउन आवश्यक विनियोजन गरेको छु ।

७३. लामोसमय सम्म गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा रही सेवा गरेका कर्मचारीहरुको हित र कल्याणका लागि कर्मचारी कल्याण कोषको

व्यवस्था गरेको छु । उक्त कोषको लागि गाउँपालिकाबाट रु.४० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**७४.** बजेटको समयमै कार्यान्वयनको लागि श्रावण पहिलो हप्ता भित्र खरिद योजना सहित वार्षिक कार्यतालिका निर्माण गरी भदौ-असोजमा साना योजनाको खरिद सम्झौता र कार्तिक र मंसिर मसान्तभित्र क्रमशः मझौला र ठूला योजनाको सम्झौता गरी सक्नुपर्ने गरी प्रस्ताव गरेको छु । यसबाट बैशाख मसान्त भित्र कार्यक्रम तथा योजनाहरु सम्पन्न भैसक्ने अपेक्षा लिएको छु ।

**७५.** सभाध्यक्ष महोदय, यसरी समग्रमा आ.व **२०८१/८२ को कूल बजेटको आकार *जम्मा : रु. ७० करोड ७३ लाख ४८ हजार (संचित कोष बाट खर्चहुने मात्र)*** रहने गरी सन्तुलित बजेटको प्रस्ताव गरेको छु । जसमध्ये चालुतर्फ रु. ४४ करोड ५२ लाख ४३ हजार (६२.९५%) र पुँजीगत तर्फ रु. २६ करोड २१ लाख ५ हजार (३७.०५%) प्रस्ताव गरिएको कुरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

७६. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा राजश्व प्राप्तिको लागि आवश्यक पर्ने **विनियोजन विधेयक, २०८१ र आर्थिक विधेयक, २०८१** सम्मानित सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरेको छु ।

७७. आ.व. २०८०/०८१ को दायित्व सार्नु पर्ने कार्यक्रम तथा अ.ल्या रकमको एकिन हुन नसकेकोले यथार्थ आय व्यय प्राप्त भएपछि बजेटका अन्य

प्राविधिक विषय समेत मिलान गरी अन्तिम रुप दिन कार्यपालिकालाई आधिकार प्रत्यायोजन गर्नका लागि समेत प्रस्ताव पेश गर्दछु ।

७८. वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धी विस्तृत विवरण तथा राजश्वका दरहरु संलग्न अनुसूचिहरुमा प्रस्तुत गरेको छु ।

**अन्त्यमा,** बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यान्वयन गरी **"कृषि, पर्यटन र दिगो पूर्वाधारयुक्त नगरी; समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी"** बनाउन सभाका सम्पूर्ण सदस्यहरू लाग्नु हुने छ भन्ने विश्वास लिएको छु । यसमा राष्ट्रसेवक कर्मचारीहरू सदा झैँ खटिनु हुनेछ भन्ने अपेक्षा सहित आम सियारी गाउँपालिकावासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवि, समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु । वार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने गाउँपालिका अध्यक्ष ज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, विषयगत समितिका पदाधिकारीहरू, राजश्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**२०८१/०३/१०**

**धन्यवाद, जय सियारी**

**तारा थारु**

**उपाध्यक्ष**

**सियारी गाउँपालिका, रूपन्देही**

सियारी गाउँपालिका